मोतीराम भट्ट

# पिकदूत



# पिकदूत

(खण्डकाव्य)

मोतीराम भट्ट

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. १९७४

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : राष्ट्रिय युवा सेवा कोष (मोती ग्रन्थावली)

*संस्करण* : प्रथम २०४५

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-04-21, 18:29:22 UTC

*Latest minor Correction* : 2026-04-21, 18:29:22 UTC

*Sahityaras ebook id* : 20260421182922

**Cover art**

*Seated Woman with Birds*

James Carroll Beckwith, unknown date

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*संपादकको भनाइ*

पिकदूत

# संपादकको भनाइ

## (रमा शर्माद्वारा संपादित मोती ग्रन्थावलीको "मेरो भनाइ"बाट साभार)

**पिकदूत** १९७४ सालमा **सूक्तिसिन्धु**मा पहिलो पटक छापियो। **भाषा पद्य संग्रह** (पाण्डुलिपि सं. १९४८ ) मा मोतीरामको बाईस श्लोके **पिकदूत** छ जसको समाप्ति १९४७ सालमा भएको जनाइएको छ। नेपाली साहित्य जगत्मा तहल्का मच्चाउने विभिन्न कविहरूका शृङ्गार रस प्रधान कविताहरूको संकलन भएको **सूक्तिसिन्धु**मा मोतीरामको तीस श्लोके **पिकदूत** प्रकाशित छ। २०२४ सालमा जगदम्बा प्रकाशनबाट 'सूक्तिसिन्धु ( फेरि )' शीर्षकमा यो पुनः प्रकाशन हुँदा **पिकदूत**ले फेरि देखा पर्ने मौका पायो। २०२९ सालदेखि साझा प्रकाशनले पनि यसलाई अलग्ग पुस्तकका रूपमा धेरै पटक प्रकाशित गरिसकेको छ। नरदेव पाण्डेले पनि अलग पुस्तकका रूपमा यसको उल्लेख गरेका छन्। यस ग्रन्थावलीमा प्रकाशित **पिकदूत**को भाषा 'सूक्तिसिन्धु (फेरि)' अनुसारको छ।

**रमा शर्मा** (संपादक)

# पिकदूत

ए पंछी अब जा चटाक् हुनगई सम्चार यो भन्दियेस्।
यो सम्चार भनीदिइस् पनि भने लाख वर्षसम्मन् जियेस् ॥
यी मेरा सब हाल हेरि उडिजा मेरा जहाँ प्राण छन्।
यस्मा कत्ति फरक् नपारि जति ह्याँ भन्छू भनेस् त्यो त सुन् ॥
(१)

क्यै काल्सम्म प्रचण्ड ग्रीष्म ऋतुको गर्मी सह्यो अङ्गले।
मन् आजित् हुनगो र दुःखि म भयें त्यै गर्मिका रङ्गले।
छारो उड्न गयो जसै दश दिशा साह्रै अँध्यारो भयो।
एक्ली के गरुँ थर्र मन् हुनगयो गर्मी पनी गैगयो।
(२)

वर्षाका ऋतुमा बडा विरहमा एक्लै बर्से झ्यालमा।
बादल्को दल आइ घेरिनगयो आकाश ख्याल्ख्यालमा ॥
त्यै वेला बिजुली चमक्क चमकी वाहाँपछि गर्जदा।
मन् धुक्धुक् हुनगो यसोरि जब ता ती पापिले बिर्सदा ॥
(३)

निस्के हाँसहरू ऋतू शरदको वेला भयेथ्यो जसै।

वर्षा गो भनि चन्द्रले अमृतको वर्षा गराये तसै ॥
प्यारो चन्द्र भनी चकोर चरिले चूँ चूँ गरी ज्यू दियो।
प्रीती चन्द्रचकोरको त्यस बखत् हेरीनशक्नू भयो ॥

(४)

चौथा नम्बरको ऋतू रस लिई हेमन्त आयो जसै।
यो मन् ता उडि गैगयो र रसमा चुर्लुम्म डूब्यो तसै ॥
चीसो चल्छ बतास आश मनको मेरो पटक्कै भयो।
भेट्घाट्को मनसूब हो तर यती धोको रही गैगयो।

(५)

थर्थर् कम्प गराइ ह्यूँ छरि शिशिर् सिर्सिर् गरी पाल्नुभो।
साह्रै कम्प भई थकित् हुनगयें यस्तै हवाल् गर्नुभो।
रूई दुइ कि फूइ यति तिन थोक् चाहिन्छ जाडामहाँ।
दुःखी छू रुइ फूइ छन् तपनि ता दूई नहुँदामहाँ ॥

(६)

आयो हेर वसन्त पक्षि त तँ छस् साक्षी यती भन्दियेस्।
आफ्नै हुन् अहवाल् भनेर तइँले सुन्दा खुपै मन् दियेस् ॥
ती नै हुन् भ्रमरा कती कति उडी फुल्माथि आई झुले।
हाम्रै यो भ्रमरा निठुर् हुनगयी फुल् छाडि काहाँ भुले ॥

(७)

जान्ने हुन् सब धर्मशास्त्रकन ती विद्वान् विवेकी ति हुन्।
पानी दूध् पिक काक चिन्न चतुरा आफै मनैमा बुझून् ॥
यै सोधेस् तिनिका अगाडि हुन गै त्यो बुद्धि काहाँ गयो।

पाकेको फल फालि जानु परदेश् कुन् धर्मको शास्त्र हो ॥
(८)

कस्तो प्रीति थियो भने त उहिले एक् ज्यू भई बस्तथ्यौं।
अत्तर् चन्दन केंवरा घसि दुवै एकान्तमा पस्तथ्यौं।
माया मारि पटक्क जानु परदेश् वाहाँ पछी बिर्सनू।
चस्की चस्कि अनङ्ग पस्छ तनमा मेरा भने यै हुनू ॥
(९)

भर् दिन् बित्छ यसै बसेर घरमा झोक्रीरहन्छू उसै।
यो मन् धीर रहोस् भनीकन रहें स्थिर् हुन्न पापी कसै ॥
ए पन्छी! यति ता नबिर्सि तँ भनेस् तिन्का अगाडी सरी।
माल् पाईकन हुन्न चाल नभई के गर्नु यस्तै परी ॥
(१०)

कस्तो हेर वसन्त पक्षिहरुको प्यारो भयेको छँदो।
पालुवा रुखलाइ रस् फुलविषे छर्की बराबर दिंदो ॥
ऐले प्राण नभै मलाइ बहुतै बाधा दियो के गरूँ।
एक् ता मो अबला अनी विरहिणी कस्का म भर्मा परूँ ॥
(११)

नाच्छन् प्वाँख फिंजारि रूख्मनि मयूर् हेर्छन् चकोर् चन्द्रमा।
भन् भन् शव्द गरीवरी रस झिकी झुल्छन् भ्रमर् फूलमा ॥
जूही बेलि चमेलि फूलहरूको सोख् हेरि मन्मा म ता
साह्है दिक्क भयें हरे! जुनि गयो यस्तै रहेछन् ति ता ॥
(१२)

परदेश्का रसले अघाइ कहिले घर्पट्टि फिर्नन् भनी।
आशामा परि गैगयें दुखि भयें के सूख पायें अनी ॥
यो पापी मन स्थिर् नभै अझ पनी आसा दरश्को गऱ्यो।
भोली भोलि भनी भुल्यो अब भने भारी दगामा पऱ्यो।

(१३)

ती आफ्ना भनि भन्नु व्यर्थ हुनगो के हुन्छ आफ्नू भनी।
मेरै प्रीति भएर हुन्न बरु क्यै चाहिन्छ ह्वाँको पनी ॥
फोस्रो गन्थन ह्याँ कती गरुँ म ता ए पंछि! तैं साँच्चि भन्।
माया एक्तिरको कि दूइतिरको अस्सल् भनी भन्दछन्।

(१४)

भन्छन् भन्न त धर्मशास्त्रहरूले पाप् पञ्चपातक् भनी।
यी पाँच् पातकदेखि बढ्ति अरु पाप् क्यै छैन भन्ने अनी ॥
के जान्नन् ऋषिले विपद् विरहिको यस्तो हुने हो भनी।
यस्तो पातकिलाई केहि नहुने के धर्म होला अनी ॥

(१५)

बाँच्नाको अब आश छैन मनमा ऐह्ले कि भोली भरे।
कस्ता निर्दयि जातका अब म ता फेला परेछू हरे।
परदेश्मा रहँदा यसोरि अहिले पारे अरेको मरे।
काहाँसम्म भनूँ मलाइ तिनले गर्नू नगर्नू गरे ॥

(१६)

सुन् एक् थोक् पिक पक्षि ! भन्छू म यहाँ मेरा तरफ्‌को सँदेश् ।
तैंले झट्ट उडी गयेर तिनको कान्‌मा सुटुक्कै भनेस् ॥
आफ्नू हाल हवाल लेख्नु त कता लेखिन्न ढोग्‌भेट् पनी ।
लाज् लाग्दैन यसोरि बस्न परदेश् पत्थर् सरीको बनी ॥

(१७)

याहाँ छू भनि क्यै संदेश् पनि नदी आफ्नू बिरानू हुने ।
मैले खोजिन की भनेर रिसले जोर्छन् कि क्या बूझने ॥
ए पंछी ! तिनका अगाडि हुनगै सोधेस् तँ धीरा बनी ।
फुल्‌ले खोज्छ भ्रमर् कि फुल्‌कन भ्रमर् यस्को जबाफ् द्यौ भनी ॥

(१८)

ए पंछी ! सुकुमार जत्तिकि म छू तैंलाइ थाहा भयो ।
दोस्रो भर्खरको उमेर रहँदा कस्तोरि पिर्नेछ यो ॥
तेस्रो फेरि बिछोड पर्नु मउपर् भेट् हूनु आशा गयो ।
जो होचो उसका परेछ मुखमा घोचो भने झैं भयो ॥

(१९)

तिर्खा जस्‌कन लाग्छ पोखरि पनी त्यै खन्छ भन्ने उखान् ।
सुन्दामा नखनी भयेन मनमा लाग्यो गरूँ के बयान् ॥
खुप् खन्‌खान गरेर पोखरि पनी खासा तयारी भयो ।
प्रेम्‌को डोरि चुंड्यो गरूँ अब कसो घल्चा बिपत्ता भयो ॥

(२०)

पाप्‌को भोग नभोगि हुन्न भनि मो खुब् धैर्य गर्छू अनी ।
मेरै कर्म दुखी रहेछ अरुको दोष् छैन कत्ती पनी ॥

पण्डित्‌हेरु त सुख्ख दुःखकन ता घुम्छन् भनी भन्दछन्।
मेरा ता सुख क्यै रहेनछ कि क्या दुःखै फगत् फिर्दछन्।

(२१)

यो मेरो नउनीसरी अति नरम् ज्यू वज्र जस्तो भयो।
कस्तो रूप हिऊँ कपूरसरि भै फुस्‌फुस् उडी गै गयो ॥
ढाँटेका रति छैन जान मनमा गर्नू कुरा के अनी।
ए पंछी! यति दुर्दशा भनिदिनू भन्थिन् प्रियाले भनी ॥

(२२)

के गर्ला अब चन्द्र पापि थपडा पाई कलङ्की भयो।
आँखामा दरिने सबै मृगहरू उन्को वनीवास् भयो ॥
पैह्ले प्राण छँदा थिये यति कुरा ऐह्ले यि वैरी हुनन्।
निर्धी देखि मलाइ यस् विपतमा हेरी खिसी गर्दिनन् ॥

(२३)

सारा यो दुनियाँ पराइ हुनगो यस्तै छ खेल् कर्मको।
भन्नू कस्कन ती विना इ अहवाल् जाने छ कुन् मर्मको।
सध्दैं साँझ भयो कि पूर्व दिशिमा यी निर्दयी चन्द्रमा।
अमृत् सब्कन छर्कि मैउपरमा विष्‌लाइ छर्कीदिन्या ॥

(२४)

जल्-धारा भ्रमरा चरा र छहरा सारा मलाई भने।
पोल्नू बाहिक सूख छैन रतिभर् हा! दैव! यो के हुने!
भत्‌भत् पोल्दछ ज्यू जसै घसि घसी चन्दन् लगायो जसै।
छट्‌पट् छट्‌पट ह्वै रहन्छ पसिना दुइपट्टि बग्छन् तसै ॥

(२५)

एक्लै बस्न पऱ्यो भनेर मुनियाँ ल्याएर पालें पनी।
बोल् बोल्ला मुनियाँ सुनेर मन क्यै शीतल् त होला भनी ॥
काहाँको मुनियाँ कहाँ विरहिणी आगो र पानी भयो।
यो मेरो मनको लहर् पनि उसै खिस्रिक्क भै गैगयो ॥

(२६)

निस्के मत्त मयूर् वसन्त ऋतुमा प्वाँख् फालि नाचूँ भनी।
नाच हेर्नाकन कोइली तिमिहरू आयौ बगैंचा बनी ॥
बाम् ताल्को सुर कण्ठमा धरि ढुकुर् डुग्डुग् गरी बोल्दछन्।
सूखी ता सुखि नै भये म दुखिको मन्लाइ यी पोल्दछन् ॥

(२७)

के के भनुँ विरहका दुखका म कूरा।
जे जे थिए उति भनें अझ हुन्न पूरा ॥
ए पंछि कोइलि! फगत् भर पर्छु तेरा।
वाहाँ गईकन भनेस् यति बात मेरा ॥

(२८)

क्यै चीज छैन न त भारि छ बोक्नुपर्ने।
केवल सँदेश छ उता गइ भन्नुपर्ने ॥
तिन्ले सुनुन् कि नसुनुन् तर जानु तैंले।
भन्नू भनें यति कुरा दुखका अहीले ॥

(२९)

यसरि जब तहाँ त्यो पंछिले बात सून्यो ।
ढिल नगरी उडी गै सोहि जग्गा पुगीगो ॥
पतिकन अहवाल् तेस् सुन्दरीको सुनायो ।
पति पनि घर आये हर्ष भारी तहाँ भो ॥
(३०)